## मिति २०७५/०७/३० गते बसेको लुङ्ग्री गाउँकार्यपालिका बैठकमा राखिएका

## प्रस्ताब र निर्णय :

**प्रस्ताब नं.१:**

खेल मैदान निर्माणका लागी स्थान छनौट सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः**

प्रदेश सरकारबाट प्राप्त रकमबाट निर्माण हुने खेल मैदान निर्माणका लागि स्थान छनौट गर्नु पर्ने ।

**हुनुपर्ने निर्णयः**

छलफलबाट उपयुक्त स्थान छनौट गर्नुपर्ने ।

**निर्णयः**

गा.पा.अध्यक्ष, उपाध्क्ष, ५ नं वडा अध्यक्ष र इन्जिनियर बरुण प्रसाद राजबंशी सम्मिलित टोलीले उपयुक्त स्थान छनौट गरि पेश गर्ने ।

**प्रस्ताब नं.२ :**

बहुउद्देश्यीय हल निर्माण सम्बन्धमा ।

**प्रस्तायको संक्षिप्त व्यहोराः**

प्रदेश सरकारबाट प्राप्त रकमबाट निर्माण हुने बहुउद्देश्यीय हल बनाउन स्थान छनौट गर्नु पर्ने ।

**हुनुपर्ने निर्णयः**

छलफलबाट उपयुक्त स्थान छनौट गर्नुपर्ने ।

**निर्णयः**

वडा नं ५ किलाचौर स्थित गाउँपालिकाको आफ्नै जग्गामा बहुउद्देश्यीय हल निर्माण गर्ने ।

**प्रस्ताब नं.३:**

व्यवसाय दर्ता सम्बन्धमा ।

**प्रस्तावको संक्षिप्त व्यहोराः**

गाउँपालिकामा व्यवसाय गरिरहेका विभिन्न व्यवसायिहरुलाई करको दायरामा ल्याउन र व्यवसायलाई व्यवस्थित गर्न व्यवसाय दर्ता गरि प्रमाण पत्र दिनु पर्ने ।

**हुनुपर्ने निर्णयः**

गाउँपालिकामा व्यवसाय दर्ताको लागि सुचना आह्वान गर्ने ।

**निर्णयः**

प्रस्तावमा लिखिए बमोजिम गर्ने ।

प्रमुख प्रशासकिय अधिकृत